# नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## मन्त्रालय वा अन्तर्गत निकायहरूमा कार्यरत कर्मचारीहरूको आचारसंहिता र कर्मचारीको प्रतिबद्धतापत्र

## क. आचारसंहिताका विषयहरू

१. कर्मचारीहरूले नेपालको संविधान र अन्य प्रचलित नीति एवम् कानूनहरूमा पालना गर्नुपर्ने भनी उल्लेख भएका आचरण, नियम र व्यवस्थाहरूको पूर्णरूपमा पालना गर्नुपर्ने ।

२. कर्मचारीहरू नेपाल सरकारबाट निर्धारित समयमा नियमितरूपमा कार्यालयमा हाजिर हुनुपर्ने र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई अनुपस्थित हुन नहुने ।

३. कर्मचारीहरूले कार्यालयमा रहदा र कार्यालयको तर्फबाट प्रतिनिधित्व गर्दा तोकिए बमोजिमको पोशाक लगाउनुपर्ने । कार्यालयमा रहँदा आफ्नो परिचयपत्र सबैले देख्न सक्ने गरी लगाउनु पर्ने ।

४. प्रत्येक कर्मचारीले आफ्नो डेस्क वा सिस्टममा आएका कामहरू सकेसम्म सोही दिन वा सोको भोलिपल्टसम्ममा सम्पन्न गरिसक्ने । कुनै द्विविधा वा विलम्ब हुने भएमा सम्बन्धित सुपरीवेक्षकलाई समयमै जानकारी गराउनुपर्ने ।

५. कुनै टिप्पणी, पत्र वा निर्णयको उठान वा शुरू गर्ने कर्मचारीले आफूले गरेको कामको Tracking वा Follow up गरी आफ्नो सुपरीवेक्षकलाई जानकारी गराउने ।

६. कर्मचारीले आफुलाई सुम्पिएको जिम्मेवारी छिटो, छरितो, पूर्ण र गुणस्तरीयरूपमा निर्वाह गर्न सदा प्रयत्नशील रहनुपर्ने।

७. सेवा प्रदान गर्दा वृद्ध, अशक्त, अपाङ्गता भएका व्यक्ति, सुत्केरी वा गर्भवती महिला, बालबालिका र असहायलाई प्राथमिकता दिनुपर्ने ।

८. कर्मचारीहरूले कार्यालय परिसर तथा आफ्नो कार्यकक्षलाई सफा राख्नुपर्ने ।

९. स्रोतसाधनको मितव्ययी र प्रभावकारी प्रयोग गर्नुपर्ने।

## ख. सम्बन्धित कर्मचारीको प्रतिवद्धता

म माथि उल्लिखित आचारसंहिताका विषयहरू पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

| प्रतिबद्धता गर्नेको | प्रतिबद्धता गराउनेको |
|---|---|
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |